# मिति २०७७।१०।२१ गतेको १०१ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १ :** मिति २०७७ साल माघ २८ गते हुन गईरहेको यस नगरपालिकाको आठौ नगरसभामा सम्बन्धित समिति तथा शाखाको परामर्शमा देहाय बमोजिमका विषयहरु एजेन्डाका रुपमा सभा समक्ष पेश गर्ने ।

**देहाय** १.चालु आर्थिक वर्षको बजेट तथा योजना संशोधन सम्बन्धमा

२.देहायका विधेयकहरु तर्जुमा तथा संशोधन सम्बन्धमा

(क) वातावरण संरक्षण तथा सरसफाई सम्बन्धी विधेयक तर्जुमा

(ख) प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७४ को प्रथम संशोधन

(ग) न्यायीक समिति कार्यविधि सम्बन्धी ऐन,२०७४ को प्रथम संशोधन

३.विषयगत समितिका प्रतिवेदन प्रस्तुतिकरण तथा विविध विषयहरु सम्बन्धमा

**निर्णय नं २ :** कर्मचारीको व्यवस्थापन,कर्मचारीको सेवा शर्त लगायतको विषयमा नगरपालिकाको संगठन संरचना तथा हालको कार्यचाप लगायतको विषयमा अध्ययन गरी राय सहित आगामी बैठकमा पेश गर्न सार्वजनिक सेवा तथा क्षमता विकास समितीलाई जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नं ३ :** यस नगरपालिकाका विभिन्न वडाबाट योजनाहरु संशोधनका लागि सिफारिस भई आएको सन्दर्भमा देहाय बमोजिम हुने गरी संशोधनको स्वीकृती प्रदान गर्ने ।

| क्र.स | वडा | साविकका योजना | रकम | संशोधन भई कायम हुने योजना | रकम |
|---|---|---|---|---|---|
| १ | १ | तालिम गोष्ठी कार्यक्रम खर्च | ७० हजार | विविध खर्च | १ लाख ७० हजार |
| | | अतिथी सत्कार खाजा खर्च | १ लाख | | |
| २ | ७ | वडा गौरव योजना पुर्वाधार तर्फ | घटेको रकम रु २४८३८४४। | सगरमाथा टोलमा महिला झोला र माक्स उत्पादन तालिम | १४४०००। |
| | | सिर्जनसिल टोल हर्टलाइन जोड्ने सडक | | फुलबारी टोलमा दुनाटपरी उत्पादन उद्योग स्थापना | २६६६००। |
| | | सरस्वती रामजाली घर देखी पद्यमलिला सडक | | | |
| | | टेण्डरबाट घट भएको रकम | घटेको रकम | महिला स्वयंसेविकाका लागि कार्यालय सामान खरिद | १ लाख |

[illegible] कार्यपालिकाको बैठक संख्या 101 मिति 2066।10।29 को निर्णय प्रमाणित।

[illegible] 066।10।29

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पौष्टिक आहार वितरण कार्यक्रम | ४० हजार |
| | | | | सिचाई कुलो निर्माण | १ लाख ५० हजार |
| ३ | ३ | खेल मैदान भाडा | २ लाख | सुशासन विविध | २ लाख |
| ४ | ५ | महिलाको पाठेघर क्यान्सर उपचार | १ लाख ५० हजार | वडा कार्यालय र स्वास्थ्य केन्द्र भवन उदघाटन | १ लाख ५० हजार |

**निर्णय नं ४ :** कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.न. १३५ मिति २०७७।०९।२१ गतेको पत्रानुसार आगामी आर्थिक २०७८।७९ मा कृषि तथा पशुपन्छी विकास कार्यक्रम अन्तर्गत मन्त्रालय र यस नगरपालिकाको लागत साझेदारीमा देहाय योजनाहरु संचालन गर्न मन्त्रालयमा लेखि पठाउने ।

**देहाय (क) कृषि तर्फ**

| **क्र स** | **योजना** | **कुल लागत (रु.)** | **साझेदार गर्ने रकम (रु.)** | |
|---|---|---|---|---|
| | | | **मन्त्रालय** | **नगरपालिका** |
| १ | तरकारी पकेट संचालन कार्यक्रम | ४० लाख | २० लाख | २० लाख |
| २ | च्याउ पकेट संचालन कार्यक्रम | ३० लाख | १५ लाख | १५ लाख |
| ३ | फलफुल प्रवर्द्धन अन्तगत बिरुवा वितरण तथा बगैचा व्यवस्थापन कार्यक्रम पकेट क्षेत्र | ३० लाख | १५ लाख | १५ लाख |
| ४ | कृषि तथ्याक व्यवस्थापन कार्यक्रम | ६० लाख | ३० लाख | ३० लाख |
| ५ | कृषिमा आधुनिकिरणका लागि मेशिनरी औजार उपरकण वितरण कार्यक्रम | ४० लाख | २० लाख | २० लाख |
| ६ | साना सिचाई कार्यक्रम | ४० लाख | २० लाख | २० लाख |
| ७ | मौरी प्रवर्द्धन कार्यक्रम | ४० लाख | २० लाख | २० लाख |
| ८ | तालिम गोष्ठी | ४० लाख | २० लाख | २० लाख |
| ९ | तरकारी कौशि खेती कार्यक्रम | २० लाख | १० लाख | १० लाख |
| | जम्मा | ३ करोड ४० लाख | १ करोड ७० लाख | १ करोड ७० लाख |

(ख) कृषि तर्फ

| क्र स | योजना | कुल लागत (रु.) | साझेदार गर्ने रकम (रु.) | |
|---|---|---|---|---|
| | | | मन्त्रालय | नगरपालिका |
| १ | स्थानिय कुखुरा प्रर्वद्धन कार्यक्रम | २० लाख | १० लाख | १० लाख |
| २ | माछा पकेट क्षेत्र कार्यक्रम | ३० लाख | १५ लाख | १५ लाख |
| ३ | गाई भैसीको भकारो सुधार कार्यक्रम | २० लाख | १० लाख | १० लाख |
| ४ | भैसी पकेट कार्यक्रम | ६० लाख | ३० लाख | ३० लाख |
| ५ | नश्ल सुधार कार्यक्रम | १० लाख | ५ लाख | ५ लाख |
| ६ | हिउँदे तथा वर्षे घाँस वितरण कार्यक्रम | १० लाख | ५ लाख | ५ लाख |
| ७ | डेरी मासु पसल प्रवर्द्धनात्मक कार्यक्रम | १० लाख | ५ लाख | ५ लाख |
| ८ | पशुपन्छी तथ्यांक व्यवस्थापन कार्यक्रम | १० लाख | ५ लाख | ५ लाख |
| ९ | पकेट क्षेत्र कार्यक्रमका लागी पशु सेवा | १० लाख | ५ लाख | ५ लाख |
| १० | तालिम गोष्ठि अनुगमन | ८ लाख | ४ लाख | ४ लाख |
| ११ | कुकुर व्यवस्थापन रेबिज खोप | ६ लाख | ३ लाख | ३ लाख |
| | जम्मा | १ करोड ९४ लाख | ९७ लाख | ९७ लाख |

**निर्णय नं ५** :यस नगरपालिकाका वडाहरुबाट मालपोत कार्यालय सुर्खेतमा घर जग्गा कारोबार सिफारिस फारम (ग - फाराम) को ढाँचा तय गरी सबै वडा कार्यालयहरुलाई च.न. २६६३ मिति २०७७।१०।१३ गते पत्राचार गरिएको सिफारिस ढाँचाका सम्बन्धमा देहाय अनुसारका प्रावधान थप गरी संशोधित ढाँचाको प्रयोग गर्ने ।

**देहाय**

(क) खरिद र बिक्रिकर्ता दुबैको फोटो र औंठा छाप वडा कार्यालयको रजिष्टरमा अभिलेख राख्ने ।

(ख) खरिद र बिक्रिकर्ता दुबैलाई अनिवार्य उपस्थित गराई सिफारिस गर्ने ।

(ग) विवरण रुजु गर्दा वडा सचिव वा सहायक कर्मचारीले गर्ने र स्थलगत नापजाँच गर्नुपरेमा प्राविधिक खटाउने ।

(घ) टोल विकास संस्थाको सिफारिस अनिवार्य नगर्ने ।

(ङ) बाटो र घरको विवरणको अलवा लगत कट्टा सम्बन्धी विववरण थप गर्ने ।

Scanned with CamScanner

**निर्णय नं ६ :** यस नगरपालिकाको भवन तथा बस्ती विकास उपशाखाबाट घर नक्सा तथा सडक रेखाकंन सम्बन्धी पेश भएको प्रस्तावका सम्बन्धमा आजको बैठकमा छलफल गरियो। सो सम्बन्धमा देहाय अनुसार गर्ने।

**देहाय**

(क) घर नक्सा स्वीकृतका लागी विद्युतिय भवन निर्माण प्रणाली सफ्टवेयर लागू गर्ने।

(ख) भवन तथा बस्ती विकास सम्बन्धी संघीय ऐन तथा शाखाबाट पेश भएको प्रस्ताव उपर कार्यपालिका सदस्य हरु सम्बन्धीत प्राविधिक र सम्बन्धित सरोकारवाला सँग छलफल बैठक बसी निर्णयमा पुग्ने।

**निर्णय नं ७ :** मालपोत कार्यालय सुर्खेतमा मिति २०७७।०८।२१ देखी दुई जना सहायक कर्मचारीहरुलाई मालपोतको कार्यमा थप शीघ्रता र सरलता प्रदान गर्न खटाईएकोमा निजहरुलाई फिर्ता बोलाई सो कार्यका लागी २ जना कम्प्युटर सहायक कर्मचारीलाई परामर्श सेवा करार गरि नगरपालिकाबाट अधिकतम रु २० हजार तलब भत्ता दिने गरी २०७८ आषाढ मसान्त सम्मका लागी कामकाज गर्नका लागी खटाउने।

**निर्णय नं ८ :** संघिय सरकार तथा अन्य निकायबाट आर्थिक वर्ष २०७६।७७ मा संचालन भई चालु आर्थिक वर्ष २०७७।७८ मा क्रमागत भएका देहाय योजनाहरुको भुक्तानी गर्न बाँकी कोरोना रोकथाम तथा व्यवस्थापन कोष बाट पछि फिर्ता हुने गरी सापटि लिई खर्च लेख्न कार्यालयलाई निर्देशन गर्ने।

**देहाय**

| क्र स | योजनाको नाम | लागत रकम रु हजारमा | भुक्तानी गर्नुपर्ने रकम रु हजारमा |
|---|---|---|---|
| १ | वडा न ५ र ७ खारखोली पुल निर्माण | १७९४०।८ | ४२९१।२६१ |
| २ | वडा न १२ बिरुवाबारी सडक स्तरोन्नती | ५००० | १५२९।३३४ |
| ३ | वडा न १३ राष्टिय सामुदायिक विद्यालय भवन निर्माण | ६००० | ४१७९।९७३ |
| ४ | वडा न १४ शिद्ध माध्यमिक विद्यालय भवन निर्माण | ३००० | १९२०।०६५ |
| ५ | वडा न ११ शिव माध्यमिक विद्यालय भवन निर्माण | ५००० | ३९८४।८५१ |
| ६ | वडा न ४ छवि आधारभुत विद्यालय भवन निर्माण | ५००० | ४४७६।१०० |
| ७ | वडा न १४ थालि खानेपानी आयोजना निर्माण | ४००० | १७७९।५९७ |
| ८ | वडा न १० देउती बज्यै मन्दिर पुर्वाधार निर्माण | ५००० | ३५५२।९५३ |
| | जम्मा | ५०९४०।८ | २५७१४।१३४ |

वीरेन्द्रनगर कार्यपालिका
बैठक संख्या ९७ मिति २०७७।१०।२९

**निर्णय नं ९ :** यस नगरपालिकामा भूमिहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि लगत संकलन कार्यको लागी लगत संकलन ईकाइबाट पेश भएको अवधारणाका बारेका आजको बैठकमा छलफल गरीयो । सो सम्बन्धमा देहायका प्रावधान समेटि ईकाइले नगर स्तरिय समन्वय समिती मार्फत अर्को कार्यपालिका बैठकमा पेश गर्ने ।

देहाय

(क) लगत संकलनका लागि वडा सचिव, सहायक कर्मचारी,सामाजिक परिचालक र बाल विकासका सहयोगी कार्यकर्ताहरु वा वडा समितीले कम्तीमा एस.एल.सी तह उर्तीण भएका स्थानीय वडाबासीहरु मध्ये छनौट गरि प्राथमिकताका आधारमा वडाले लगत संकलनकर्ताका रुपमा नियुक्त गरी लगत संकलनमा खटाउने ।

**(ख)** तथ्यांक संकलनलाई कार्य प्रगतिका आधारमा प्रति फाराम रु २० देखी ३५ का दरले थप प्रोत्साहन उपलब्ध गराउने ।

**(ग)** तथ्याक संकलन कार्यमा खटिने जनप्रतिनिधिहरुका लागी खाजा खर्च उपलब्ध गराउने ।

**(घ)** तथ्याक प्रविष्टिका लागी सर्भेक्षक र अमिन तथा कम्प्युटर सहायक छनौटको कार्य नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि बमोजिम गर्ने ।

**(ङ)** आवश्यक अन्य विषयहरु

**निर्णय नं १० :** कर्णाली प्रदेश जनता आवाश कार्यक्रम सम्बन्धी आजको बैठकमा जानकारी गरियो । प्रत्येक वडाले सो कार्यक्रमका सम्बन्धमा समन्वय गर्ने तथा घर निर्माण गर्दा प्रदेश सरकारले तोकेको ढाँचाको नक्सा दर्ता तथा दस्तुर निशुल्क गरी प्रक्रिया सरलीकरण गर्ने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या १७ मिति २०७६।१०।२९

Scanned with CamScanner